# आधारभूत तह परीक्षा- २०७८
## काठमाडौं महानगरपालिका

**विषय : अनिवार्य नेपाली**

**कक्षा : ८** **पूर्णाङ्क : ७५**

**समय : २ घण्टा १५ मिनेट** **उत्तीर्णाङ्क : ३०**

**परीक्षार्थीले दिइएको निर्देशनका आधारमा आफ्नै शैलीमा मौलिक तथा सिर्जनात्मक उत्तर दिनुपर्ने छ ।**

प्रश्न नं. १ समूह 'क' मा दिएका शब्दहरूको अर्थ समूह 'ख' बाट पहिचान गरी लेख्नुहोस् । (०.५ × ६ = ३)

| समूह 'क' | समूह 'ख' |
|---|---|
| इमेल | योग्य |
| सक्षम | बिद्युतीय चिठी |
| दामासाही | परिणाम |
| प्रिज्म | मिहिनेत |
| अवगत | भागबन्डा |
| श्रम | त्रिभुज आकारको ठोस वस्तु |
| | जनकारी |
| | शरीर |

प्रश्न नं. २. खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस् । (०.५×६ = ३)

क) 'नयन' शब्दको पर्यावाची शब्द .......... हो । (आँखा, नाक, कान)

ख) 'निरक्षर' शब्दको विपरीतार्थी शब्द ........... हो । (साक्षर, अनपढ, ज्ञानी)

ग) .................... अनेकार्थी शब्द होइन । (पत्र, यन्त्र, हार)

घ) 'ममता' शब्दको पर्यावाची शब्द............हो । (घृणा, हेला, माया)

ङ) ........... अनेकार्थी शब्द हो । (लमी, जाली, साली)

च) 'पेसा' शब्दको समावेश्य शब्द............. हो । (मिहिनेत, दुःख, डकर्मी)

प्रश्न नं. ३ अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् । (१×४ = ४)

परीक्षा, मुसुक्क, नाक काट्नु, बाँदरको हातमा नरिवल

प्रश्न नं. ४ क) तल दिइएका वाक्यलाई शुद्ध पारी सार्नुहोस् । (०.५×४=२)

आफुले पढाइ मा ध्यान दीन नसकेको कुरा साथीहरुका अघिल्तिर खुलस्त राख्यो

ख) तलका दिएका शब्द समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस् । (०.५×४=२)

(अ) बाताबरण, वातावरण, बातावरण, वाताबरण

(आ) ईश्वर, इश्वर ईस्वर, इसोर

(इ) कन्चन, कञ्चन, कंचन, कन्चन्

(ई) बिपय, बिषए, विषय, विसय

प्रश्न नं. ५. रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्टयाउनुहोस् । (०.५×६=३)

<u>आहा</u> ! <u>परिश्रमी</u> किसानले <u>परिश्रम</u> <u>गर्छ</u> <u>अनि</u> उसले अन्न फलाउँछ <u>नि</u> ।

प्रश्न नं. ६. दिइएको वाक्य पढी रेखाङ्कित शब्दको कारक छुट्याउनुहोस् । (०.५×२= १)

<u>उनले</u> <u>कलमले</u> कथा लेखिन ।

प्रश्न नं. ७. कोष्ठकमा दिइएका धातु र सङ्केतको सहायताले खाली ठाउँ भर्नुहोस् । (०.५×६ =३)

क) हामी परीक्षामा राम्ररी ..............। (लेख्: अपूर्ण वर्तमान)

ख) उ मनकामना ................ । (जा: अभ्यस्त भूत)

ग) किसानहरुले खेत.................... । (जोत्: पूर्ण भविष्यत)

घ) आज पानी ............ । (पर् : सम्भावनार्थ)

ङ) ईश्वरबाट सबैको भलो................... । (हु: इच्छार्थ)

च) तिमीहरू विद्यालय................ । (जा: आज्ञार्थ)

प्रश्न नं. ८. कोष्ठकमा दिइएको निर्देशनका आधारमा वाक्य परिवर्तन गर्नुहोस् : (१×४ =४)

क) तँ घर जान्छस् । (उच्च आदर)

ख) उ सहर जाला । अकरण)

ग) डोल्मा द्वारा कलम किनियो । (कर्तृवाच्य)

घ) आमाले खाना पकाउनु भयो । (पुलिङ्ग)

प्रश्न नं. ९. पूर्ण भूतकालको क्रियापदको प्रयोग गरी चार वाक्यमा आफ्नो रमाइलो यात्राको वर्णन गर्नुहोस । (४)

प्रश्न नं. १०. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् : (१×५=५)

न्यूटनले विज्ञानका क्षेत्रमा एकपछि अर्को महत्वपूर्ण योगदान दिदै गए । उनका योगदानमध्ये सबै भन्दा महत्वपूर्ण योगदान गुरुत्वाकर्षण सम्बन्धी नियम हो । न्युटन एक दिन बगैचमा वसेका थिए । उनले त्यस वेला रुखबाट स्याउ खसेको देखे । स्याउ माथिबाट किन भुइँमा खस्यो ? उनको मनमा जिज्ञासा भरियो । धेरै चिन्तन, मनन् र अनुसन्धानपछि न्युटनले गुरुत्वाकर्षणको नियम पत्ता लगाए । उनले पत्ता लगाएको नियमअनुसार दुई पिण्ड बिचमा भएको आकर्षण बललाई गुरुत्वाकर्षण भनिन्छ । जुन पदार्थको द्रव्यमान बढी हुन्छ, त्यसको आकर्षण बल पनि धेरै हुन्छ । तसर्थ बढी द्रव्यमान भएको पदार्थले कम द्रव्यमान भएको पदार्थलाई आफूतिर खिच्छ । यही नियम अनुसार पृथ्वी सूर्यतिर आकर्षित हुन्छ र सूर्यको वरिपरि परिक्रमा गर्छ । यसै नियम अनुसार बलको कारणले चन्द्रमा पृथ्वी तिर आकर्षित हुन्छ र पृथ्वीको वरिपरि परिक्रमा गर्छ ।

प्रश्नहरू :

क) न्युटनले दिएको योगदान मध्ये सबै भन्दा महत्वपूर्ण योगदान कुन हो ?

ख) न्युटनको मनमा केले जिज्ञासा उत्पन्न गरायो ?

ग) गुरुत्वाकर्षण केलाई भनिन्छ ?

घ) कुन पदार्थको गुरुत्वकार्षण वल बढी हुन्छ ?

ङ) "गुरुत्वाकर्षण" र "जिज्ञासा" शब्दको अर्थ लेख्नुहोस् ।

प्रश्न नं. ११. तलको दिइएको अनुच्छेदबाट चार ओटा बूँदा टिपोट गरी एक तृतियाँशमा सारांश लेख्नुहोस् : (२+३=५)

मानिस बुद्धिले बाँच्छ । मानिससँग सोच्ने मस्तिष्क र काम गर्ने हात छन् । मस्तिष्कले सुन्दर प्रकृतिको कल्पना गर्नुपर्छ । मानवीय क्रियाकलाप वातावरणको रक्षामा केन्द्रित हुनुपर्दछ । वैज्ञानिक चमत्कार र मानवीय उन्नतिभित्र प्रकृतिको विनाश समेटिनु हुदैन । प्राकृतिक स्रोतको परिचालन गर्दा आफ्नै खुट्टामा बन्चरो हान्नु हुदैन । मानिस कल्पनाशील प्राणी पनि हो । उसले विकास, उन्नति, अविष्कार, रचना, सिर्जनाका रुपमा कल्पनालाई साकार गर्छ । कल्पना साकार पार्ने र उद्येश्य पूर्ति गर्ने क्रममा प्रकृतिको विनाश गर्नु हुदैन । मानवीय क्रियाकलाप वातावरण प्रतिकुल भए मानिस सङ्कटको भुमरीमा फस्छ । जीवन सरल बनाउन मानिसले उद्योग धन्दा स्थापना गर्छ र कलकारखाना चलाउँछ । यसले वातावरणमा रहेको हावा, पानी र जमिन प्रदुषित बनाउँछ ।

प्रश्न नं. १२. तलका प्रश्नहरु मध्ये कुनै एक प्रश्नको उत्तर दिनुहोस् । (४)

क) दिइएका बूँदाका आधारमा छोटो कथा तयार पारी उपयुक्त शीर्षक दिनुहोस् ।

एक विद्यार्थी ......बर्षौदेखि एक जना गुरुसँग अध्ययनरत.........सिक्न असमर्थ हुनु..........गुरुको हप्काइ र सहपाठीहरुको व्यङ्ग्य ..............शिक्षालयबाट भाग्नु, ....बाटोमा पँधेरो भेटिनु......पँधेरोको छेउमा एउटा ठूलो ढुङ्गो........ढूङ्गामा गोलाकार ससाना खाल्टा..........पँधेरोमा पँधेर्नीहको भिड.........खाल्टाका विषयमा पधेर्नीहरुसँग सोधपुछ ........पानी भरेका गाग्राहरु राख्नाले खाल्टा बनेको कुराको जानकारी.......दिनदिनै मिहिनेत गर्नाले ज्ञान प्राप्त गर्न सकिने कुराको बोध..........विद्यार्थी पुनः शिक्षालयमा फिर्ता हुनु....कठोर परिश्रमका साथ अध्ययन सुरु गर्नु .......ठूलो विद्धान बन्न सफल हुनु.......परिश्रम नै सफलताको औजार हो भन्ने सन्देश ।

अथवा

ख) विद्यालय छाडेर गाउँमा बसेको आफ्नो साथीलाई "शिक्षा नै जीवनको ज्योति हो" भन्ने बुझाउदै पुनः पढ्नका लागि प्रेरित गरी चिठी लेख्नुहोस् ।

प्रश्न नं. १३. कुनै एक प्रश्नको भाव विस्तार गर्नुहोस् । (४)

क) ज्यामी, सिपाही र किसान सारा
छन् आज हाम्रा बलिया सहरा ।

ख) विविधता बिचको एकता नेपाली सँस्कृतिको मूल खम्बा हो ।

प्रश्न नं. १४. तलका मध्ये कुनै दुई प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् । (२×४=८)

क) सीप र श्रम कविताको मुख्य भाव के हो ?

ख) देवकुमारी थापाले बाल साहित्यको क्षेत्रमा के-कस्तो काम गरेकी छिन् ?

ग) नेपाली सँस्कृतिभित्र के -कस्ता विकृति रहेका छन ?

प्रश्न नं. १५) यदि तपाई 'मित्रता' कथाको राजा द्रुपद् हुनुभएको भए द्रोणले पुरानो प्रतिज्ञा सम्झाउँदा के गर्नु हुन्थ्यो ? तर्क दिनुहोस् । (४)

प्रश्न नं. १६) तलका मध्ये कुनै एक प्रश्नको विवेचनात्मक उत्तर लेख्नुहोस् । (८)

क) 'एउटा घटना' कथामा विद्यालय स्तरका विद्यार्थीहरुको कस्तो मनोविज्ञानको विश्लेषण गरिएको छ ? लेख्नुहोस् ।

ख) बहुआयामिक व्यक्तित्वका धनी हर्क गुरुङ् के-कस्ता योगदानका कारण अमर छन् ? विवेचना गर्नुहोस् ।

प्रश्न नं. १७) तलका मध्ये कुनै एक शीर्षकमा १५० शब्दमा नघटाई निबन्ध लेख्नुहोस् । (८)

क) देश विकासमा मेरो योगदान

ख) वातावरण विनाशको नतिजा

ग) विद्यार्थी जीवन र अनुशासन

*धन्यवाद*